आकाशवाणी

मुख्य समाचार :-

- भारतले भूइँचालो प्रभावित म्यांमाका लागि सहायता उपलब्ध गराउन आज एकाबिहानै अपरेसन ब्रह्माको थालनी गरेको छ। म्यांमा-मा शक्तिशाली भुइँचालोबाट मर्नेहरूको संख्या एक हजार भन्दा बढी पुगेको छ।
- प्रधानमन्त्रीले भोली 'मन की बात' कार्यक्रममा देश-विदेशका मानिस संग आफ्नो विचार साझा गर्नुहुने
- सामूहिक प्रयासले पर्यावरणको संरक्षण र संवर्धन, सम्भव रहेको राष्ट्रपतिको भनाई,
- ISRO ले तीन सय Mili Newton Stationary Plasma Thruster –मा एक हजार घण्टाको जीवन परीक्षण सफलतापूर्वक पूरा हुने गऱ्यो घोषणा
- IPL क्रिकेटमा , अहमदावादमा , गुजरात टाइटन्स र मुम्बई इण्डीयन्स् बीच भीडन्त

**अपरेशन ब्रह्मा**

भारतले भुईचालो प्रभावीत म्यांमाका लागि सहायता उपलब्ध गराउन आज एकाबिहानै अपरेशन ब्रह्माको थालनी गरिरहेको छ। नयाँ दिल्लीमा मिडियालाई जानकारी दिँदै पर-राष्ट्र मन्त्रालयका प्रवक्ता श्री रणधीर जायसवालले हिन्डन वायु सेना base बाट बिहानै तीन बजी पहिलो विमान पन्द्रह टन सहायता सामग्री लिएर उडेको थियो लगभग आठ बजी **यानगोन** पुगेको जानकारी दिनुभयो । यी समाग्रीहरूमा टेन्ट, कम्बल, जरूरी औषधीहरू, sleeping bag , भान्सा-सेट अनि खानाका पेकेट आदि छन् । BYTE 2 randher

**प्रधान मन्त्री**

**प्रधानमन्त्री श्री नरेन्द्र मोदीले विनाशकारी भुईचालो पछी म्यांमाका वरिष्ठ जनरल मिन आँग हाईङ्ग का साथ फोनमा कुरा गर्नुभयो । आफ्नो सोशल मिडिया पोस्टमा श्री मोदीले भुईचालोले भएका मृत्युहरूबारे गहिरो सम्वेदना व्यक्त गर्नुभयो ।**

**म्यामा- भुकम्प**

**म्यांमा मा भुईचालो बाट मर्नेहरूको संख्या एक हजारभन्दा बढी पुगेको छ। हिजो गएको शक्तिशाली भुईचालोको रिक्टर स्केलमा सात दशमलव सात माप थियो।**

**27 पीएम-मन की बात**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोली बिहान एघाह बजी आकाशवाणीमा 'मन की बात' कार्यक्रममा देश-विदेशका मानिस संग आफ्नो विचार साझा गर्नुहुनेछ । यो मासिक रेडियो कार्यक्रमको एक सय बीसौं कड़ी हुनेछ । यो कार्यक्रम आकाशवाणी र दूरदर्शनको पूरा नेटवर्क, आकाशवाणी समाचार वेबसाइट र न्यूज अन ए.आई.आर मोबाइल एपमा प्रसारित हुनेछ । मन की बातको सीधा प्रसारण आकाशवाणी समाचार, दूरदर्शन समाचार, प्रधानमन्त्री कार्यालय तथा सूचना र प्रसारण मन्त्रालयको यूट्यूब च्यानलमा पनि गर्नेछ । हिन्दी प्रसारण पछि आकाशवाणीबाट प्रादेशिक भाषाहरूमा यस कार्यक्रमको प्रसारण गरिनेछ।

**प्रधानमन्त्री - श्रीलंका दौरा**

प्रधानमन्त्री श्री नरेन्द्र मोदी चार देखी छ अप्रेल सम्म श्रीलंकाको यात्रामा हुनुहुनेछ। उहाँको यस यात्राको श्रीलंका सरकार र वहाँका निवासी उत्सुकताले प्रतीक्षा गरिरहेका छन् । एउटा कार्यक्रममा श्रीलंकाका विदेश उपमन्त्री श्री अरूण हेमचन्दले भन्नुभयो , श्रीलंका भारतीय प्रधानमन्त्रीको स्वागतका लागि उत्साहित छ ।

**राष्टपति**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले, जागरूकता आधारित निरन्तर सक्रियता र सबैले गरेको सामूहिक प्रयासहरूको माध्यमले नै पर्यावरणको संरक्षण र संवर्धन, सम्भव रहेको , भन्नुभएको छ। राष्ट्रपतिले नयाँ दिल्लीमा , विज्ञान भवनमा राष्ट्रीय पार्यावरण सम्मेलनको उद्धाटन गर्दै सो कुरा भन्नुभयो। राष्ट्रीय हरित अधिकरणले दुई दिने यस सम्मेलनको आयोजन गरेको हो ।

राष्ट्रपतिले भन्नुभयो , आउने पिढीहरूलाई स्वच्छ वातावरण , विरासतमा दिनु, हाम्रो नैतिक जिम्मेवारी हो ।
उहाँले भन्नुभयो ....byte 1

श्रीमती मुर्मुले पर्यावरणका संरक्षणका लागि पर्यावरण-अनुकूल र सम्वेदनशील जीवनशैली अपनाउनबारे जोड दिँदै , स्वच्छ पर्यावरण र आधुनिक विकासको सन्तुलन बनाउनु, एक अवसर पनि हो र चुनौति पनि हो , भन्नुभयो। यस अवसरमा , केन्द्रीय पर्यावरण, वन र जलवायु परिवर्तन मन्त्री श्री भूपेन्द्र यादवले भन्नुभयो, भारतले कम कार्वन युक्त प्रध्यौगिकीमा नवाचारलाई बढावा दुनुबारे ध्यान केन्द्रीत गरि रहेको छ। उहाँले भारत, विश्वमा उर्जा उत्पादन गर्ने तेस्रो सबैभन्दा ठूलो देश हो भन्नुभयो। सम्मेलनमा चार प्रमुख तकनिकी सत्रहरू आयोजित गरिनेछन् , जसमा जलवायु परिवर्तन , प्रदूषण नियन्त्रण , जैव विविधता संरक्षण र सतत् विकास लगायत पर्यावरण समक्ष चुनौतिहरू सम्बन्धी समाधानबारे छलफल गरिनेछ।

**25 शाह-सुकमा मुठभेड़**

केद्रीय गृह मन्त्री श्री अमित शाहले भन्नुभएको छ, सुरक्षा एजेन्सीहरूले छत्तीसगढ़को सुकमा जिलामा एउटा अभियानमा सोह्र नक्सलीहरूलाई मारिएको छ । सोशल मीडिया पोस्टमा श्री शाहले भन्नुभयो, नक्सलवादका विरूद्ध एउटा अर्कै कार्रवाईमा स्वचालित हतीयारहरूको एउटा ठूलो जखीरा बरामद गरिएको छ । उहाँले प्रकाश पार्नुभयो, प्रधानमन्त्रीको नेतृत्व रहेको सरकार एकतिस मार्च दुई हजार छब्बीस भन्दा पहिला नक्सलवादलाई खतम गर्नका लागि प्रतिबद्ध छ । हतियार राख्नेहरू संग अपील गर्दै श्री शाहले भन्नुभयो, हतीयार र हिंसाले बदलाव आउन सक्दैन , बदलाव केवल शान्ति र विकासले नै आउन सक्छ।

ISRO

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन , ISRO ले तीन सय Mili Newton Stationary Plasma Thruster एक हजार घण्टाको जीवन परीक्षण सफल्तापूर्वक पूरा हुने घोषणा गरेको छ। यस परीक्षणले गर्दा, उपग्रहहरूलाई विधुत प्रणोदन प्रणालीमा शामेल गर्न सजिलो हुनेछ। यस प्रणालीलाई अन्तरिक्ष एजेन्सीका भविष्यका उपग्रहरूमा रसायनिक प्रणोदन प्रणालीको ठाउँ लिने अनि संचार उपग्रहहरूका लागि मार्ग प्रशस्त गर्नका निम्ति प्रस्तावित गरिरहेको छ।

**नड्डा-बिहार दिवस**

भारतीय जनता पार्टीका राष्ट्रीय अध्यक्ष श्री **जगत प्रकाश नड्डा** आज दिल्ली भाजपा द्वारा आयोजित बिहार दिवस समारोहमा शामेल हुनुभयो । यस अवसरमा दिल्ली भाजपा अध्यक्ष श्री वीरेन्द्र सचदेवा, पूर्वांचल मोर्चाका नेता, भाजपा सांसद र विधायकहरूको पनि उपस्थिति रह्यो । आफ्नो सम्बोधनमा श्री नड्डाले भन्नुभयो, बिहारमा एन.डी.ए सरकारले मानिसको कल्याणका लागि अनेक विकास कार्य गरेको छ। उहाँले भन्नुभयो, राज्यका विभिन्न जिल्लामा मेडिकल कलेज बनाइदैछ । श्री नड्डाले राज्यको प्रशंसा गर्दै भन्नुभयो, महात्मा गान्धीको सत्याग्रह र जयप्रकाश नारायणको आन्दोलन बिहारदेखी नै शुरू भएको थियो ।

IPL

IPL क्रिकेटमा , अहमदावादमा , गुजरात टाइटन्स र मुम्बई इण्डीयन्स् बीच भीडन्त भई रहेको छ। दुबै टीमहरूले आफ्ना प्रारम्भिक म्याचहरू हारेपछी , यो म्याच जीतेर वापसी गर्ने प्रयास गर्नेछन् ।

**कुश्ती**

कुश्तीमा, जाँर्डनको उम्मानमा रशिपाली कुश्ती च्यामपियनशीप- दुई हजार पचीसमा भारतीय पहलवान **मनीषा भंवालाले** स्वर्ण पदक जीतेकी छन् भने **अन्तिम पन्धालले** काँस्य पदक हात पारेकी छन् । भारतीय पहलवानहरूले अहिले सम्म टुर्नामेन्टमा , एक स्वर्ण, एक रजत र छ , काँस्य पदक जीतेका छन ।

मुख्य सामाचार फेरी एकपल्ट :-

- भारतले भूइँचालो प्रभावित म्यांमाका लागि सहायता उपलब्ध गराउन आज एकाबिहानै अपरेसन ब्रह्माको थालनी गरेको छ। म्यामा-मा शक्तिशाली भुइँचालोबाट मर्नेहरूको संख्या एक हजार भन्दा बढी पुगेको छ।
- प्रधानमन्त्रीले भोली 'मन की बात' कार्यक्रममा देश-विदेशका मानिस संग आफ्नो विचार साझा गर्नुहुने
- सामूहिक प्रयासले पर्यावरणको संरक्षण र संवर्धन, सम्भव रहेको राष्ट्रपतिको भनाई,
- ISRO ले तीन सय Mili Newton Stationary Plasma Thruster –मा एक हजार घण्टाको जीवन परीक्षण सफलतापूर्वक पूरा हुने गऱ्यो घोषणा अनि
- IPL क्रिकेटमा , अहमदावादमा , गुजरात टाइटन्स र मुम्बई इण्डीयन्स् बीच भीडन्त